# हामो बारेमा

## स्वागत छ !

Department of Parks, Recreation and Waterfront (**पार्क**, **रिक्रेएसन र वाटरफ्रन्ट विभाग**) **ले** Burlington **का सबै** 35+ **पार्क**, 550+ **एकर खुला ठाउँ**, 4 **सार्वजनिक समुद्र तट**, **सडकका रुख र हरितमार्गहरू**, **सामुदायिक बगैंचा**, 3 **समाधिक्षेत्र**, Miller Recreation Center, Leddy Ice Arena, Champlain Senior Center, North Beach Campground, **सामुदायिक बोथहाउस मरीना र सबै मनोरञ्जन कार्यक्रमहरूको निरीक्षण गर्दछ ।**

## लक्ष्य कथन

**भूमि**, **पानी र मानिसको माध्यमबाट समावेशी सामाजिक अन्तरक्रिया वृद्धि**, **प्रेरित र सिर्जना गर्ने विविध र गतिशील सार्वजनिक स्थान र कार्यक्रमहरू जोड्ने ।**

## विविधता र समानता विकास दृष्टि

**एउटा सहयोगी र रचनात्मक** (**कामको**) **वातावरण जसले समावेशी निर्णय लिने र सचेत दैनिक कार्यहरू मार्फत समानतालाई आत्मसात गर्दछ ।**

## विभागका मूल्य तथा मान्यताहरू

**सुगमता** – **सबै अनुभवहरूका लागि विश्वव्यापी ढाँचाका सिद्धान्तहरू र वित्तीय संवेदनशीलतामा जोड दिने ।**

**सत्यतिष्टता** – **सार्वजनिक क्षेत्रमा हाम्रो काम गर्नमा विश्वास विकास भयो ।**

**विश्वासनीयता** – **सेवा-उन्मुख र उत्तरदायी ग्राहक सेवा ।**

**स्वास्थ्य र तन्दुरुस्ती** – **सक्रिय**, **स्वस्थ र सन्तुलित जीवनशैलीमा ध्यानकेन्द्रित गर्ने ।**

**सामूहिक कार्य/साझेदारी** –**हाम्रो समुदाय र सहकर्मीहरूसँग सहकार्य र समन्वय गर्न प्रतिबद्धता ।**

**समावेशी** – **सबै किसिमका संस्कृतिहरूलाई प्रोत्साहन दिने ।**

**प्रबंधन** – **सार्वजनिक सेवा र दिगो वातावरणको ।**

**गुणस्तर** – **हामीले गर्ने सबैमा ।**

**<u>सहरव्यापी भेदभाव रहित नीति</u>**: The City of Burlington (**दि सिटी अफ बर्लिङ्गटन**) **राजनीतिक वा धार्मिक सम्बद्धता**, **जाति**, **रङ**, **राष्ट्रिय मूल**, **जन्म स्थान**, **वंश**, **उमेर**, **लिङ्ग**, **यौन अभिमुखकरण**, **लैङ्गिक पहिचान**, **वैवाहिक स्थिति**, **सेनानिवृत्ति स्थिति**, **असक्षमता**, HIV **पोजिटिभ स्थिति**, **अपराध पीडित स्थिति वा आनुवंशिक जानकारीको आधारमा गैरकानूनी उत्पीडन वा भेदभाव सहने छैन । सेवा**, **सुविधा र रोजगार अवसरहरूमा सही पहुँच उपलब्ध गराउन पनि** The City (**दि सिटी**) **प्रतिबद्ध रहेको छ । पहुँचको लागि जानकारी वा वैकल्पिक ढाँचाहरूका लागि**, **कृपया** (802) 540-2505 **मा मानव संसाधन विभागमा सम्पर्क गर्नुहोस् ।**

# पार्कहरूका Rules and Regulations (नियम तथा नियमनहरू)

**प्रत्येक स्थानमा विशिष्ट नियम तथा नियमनहरू हुन सक्छन्**, **त्यसैले कृपया उक्त क्षेत्रका लागि पोस्ट गरिएका संकेतहरू हेर्नुहोस् । केही सामान्य नियमहरू तल सूचीबद्ध गरिएका छन् । पूर्ण विवरणहरूका लागि कृपया City Ordinances of Burlington (बर्लिङ्गटनका सबै सहर अध्यादेशहरू) पहुँच पाउनको लागि यहाँ क्लिक गर्नुहोस् ।**

## ग्रीनवे शिष्टाचार

- **एउटा सुरक्षित गति कायम राख्नुहोस् । भिडभाड भएका क्षेत्रहरूमा सुस्त चलाउनुहोस् । केही भागहरूमा बाटोमा अलि भिड हुन सक्छ भन्नेबारे हामीलाई थाहा छ ।**
- **साइकल चालकहरूले हिँडिरहेका मानिसहरूलाई बाटो छोडी दिनुपर्छ । पैदल हिँड्ने मानिसहरूलाई सधैं बाटोमा हिड्ने अधिकार छ**, **सबै बाइक चालकहरू र यातायातका अन्य साधनहरूले पैदल यात्रीहरूको नजिक हुँदा सधैं सावधानी अपनाउनुपर्छ ।**
- **साइकल चालकहरूले एकै पङ्क्तिमा चलाउनुपर्छ । साझेदारी गर्नु भनेको हेरचाह गर्नु हो र पैदल यात्रीहरूसँग ठाउँ साझेदारी गर्ने उत्तम तरिका भनेको एकै पङ्क्तिमा चलाउनु हो । यदि तपाईंलाई बाटो काट्न आवश्यक छ भने पहिले यो सुरक्षित छ भनी सुनिश्चित गर्नुहोस् । तपाईंले एकतर्फी सडकमा कार चलाए जस्तै**, **तपाईंलाई यो सुरक्षित छ भन्ने थाहा भएपछि मात्र पार गर्नका लागि केन्द्रीय लाइन क्रस गर्नुपर्छ ।**

- **साइकल चालकहरूले उछिन्दा अरूलाई सचेत गर्नुपर्छ ।** "passing on the left" **("तपाईँको बायाँतिरबाट  उछिन्दैछु")** **भन्नु र आफूसँग भएमा आफ्नो बेल बजाउनु उत्कृष्ट अभ्यासहरू हुन् । पैदल यात्री र अधिकांश बाइकका चालकहरूसँग पछाडि-हेर्ने ऐनाहरू नहुने भएका कारण यसले तपाईंको अगाडि रहेका मानिसहरूलाई तपाईंले के गर्दै हुनुहुन्छ भन्नेबारे थाहा दिन्छ ।**
- **ट्राफिक संकेतहरूको पालना गरौँ । बाइक चालकले रोक्ने सङ्केत**, **सवारी धिमा गरेर अरूलाई पहिला बाटो काट्न दिने र पैदलयात्रीहरूको लागि बाटो काट्ने स्थान जस्ता ट्राफिक लाइट र संकेतहरूको पालना गर्नुपर्छ । यसले सबैजनालाई सुरक्षित राख्छ र बाटोको अधिकारबारे बुझ्नु पर्ने कुरा आउँदा सहमति हुन्छ ।**
- **कुकुर डुलाउने मानिसले कुकुरहरूलाई छोटो डेरीले बाँधेर राख्नुपर्छ र तिनीहरूलाई साइकल चालक र बाटो प्रयोग गर्ने अरूको बाटो बाट टाढा लैजानु पर्छ । आफ्नो कुकुरले फोहर गर्यो भने त्यसलाई उठाएर आफूसँगै लिएर जान नबिर्सनुहोस् ।  कुकुरको दिसा उठाउनाले ग्रीनवे र काललाई सफा राख्न मद्दत गर्दछ ।**
- **सवारी चलाउँदा सुरक्षित रहनुहोस् । बाइक**, **स्कुटर वा र रोलरब्लेडहरू चलाउँदा हेल्मेट र सुरक्षात्मक गियर लगाउनुहोस् । रातको समयमा सवारी चलाउँदा बाइकको लाइटहरू प्रयोग गर्नुहोस् ।**

## कृपया हाम्रा  पार्कहरूलाई र हेरचाह गर्नुहोस्

- **सहरका कुनै पनि पार्कहरूमा भएका कुनै पनि फूल**, **फल  नटिप्नुहोस् वा वा कुनै पनि बिरुवा काटछाँट नगर्नुहोस् वा संरचनालाई नबिगार्नुहोस् ।**
- **फोहोर नगर्नुहोस्**
- **पार्कहरूमा** (North Beach **मा क्यापिङ गर्दा बाहेक**) **सिसाका बोतलहरू नल्याउनुहोस्**
- North Beach Campground **बाहेक अन्य कुनै पनि ठाउँमा क्याम्प नगर्नुहोस्**
- **कुनै पनि आतसबाजी नगर्नुहोस्**
- **पार्कहरूमा बन्दुकहरू नल्याउनुहोस्**
- **खाली ठाउँमा आगो नबाल्नुहोस्** (**नगर अध्यादेशले खुला ठाउँमा कुनै पनि प्रकारको आगो बाल्न अनुमति दिँदैन**)
- **कुकुरलाई कुकुर पार्क गर्ने निर्दिष्ट क्षेत्रहरू बाहेक अन्य क्षेत्रहरूमा खुल्ला छोडेर भाग्ने अनुमति नदिनुहोस्**
- **कुनै पनि खेल मैदान**, **आश्रयस्थान**, **समुद्री किनारा**, **ब्लीचर वा खेलकूद क्षेत्रहरूमा धुम्रपान नगर्नुहोस्**

- **कुकुरहरूलाई** Oakledge Park, North Beach **वा** or Leddy Beach **का सार्वजनिक समुद्रको किनारमा नलैजानुहोस्**

## अनुमतिहरू लिन आवश्यक हुन सक्छ

**निम्नमध्ये एक वा सोभन्दा बढी अवस्थाहरू विद्यमान भएमा पार्कको विशेष प्रयोग अनुमति आवश्यक पर्छ**

- **बीस** (20) **वा सोभन्दा बढी व्यक्तिहरूको समूहले पार्क क्षेत्र वा सुविधास्थल प्रयोग गर्न चाहेमा ।**
- **विशेष समय र मितिमा वा निरन्तर तालिकाको आधारमा पार्क क्षेत्रको रिजर्भेसन र विशेष प्रयोग भएमा**
- **जनताको लागि खुला रहेको कार्यक्रमको लागि सार्वजनिक क्षेत्र वा सुविधास्थलको प्रयोग भएमा**
- **व्यावसायिक वा अर्थ सङ्कलनको उद्देश्यहरूका लागि पार्क क्षेत्र वा सुविधास्थलको प्रयोग भएमा**
- **व्यक्ति वा टोलीलाई सहभागी भए वा हेरेको खण्डमा शुल्क लगाइने खालका खेलकूद प्रतियोगिता वा कार्यक्रमहरू**
- **मनोरञ्जन दिनेहरू लागि दान वा शुल्कहरूको माग गर्न सकिने वा नसकिने पार्क क्षेत्रको प्रयोग**

## पार्क र समुद्रतटहरूमा भएका कुकुरहरू

- **कुकुरहरूलाई हाम्रा पार्क र सार्वजनिक स्थानहरूमा आउने अनुमति दिइन्छ तर डोरी वा सिक्रीले बाँधिएको हुनुपर्छ**
- **कुकुरहरूलाई हाम्रा पौडी खेल्ने सर्वजनिक समुद्रतटहरू** (Oakledge/Blanchard; Leddy, North Beach) **मा आउने अनुमति  दिइएको छैन ।**
- **आफ्नो कुकुर लैजान पाइने स्थानहरूबारे थप जान्नुहोस् ।**

## कुकुर पार्कसम्बन्धी नियमहरू

**बिहानदेखि साँझसम्म   खुला रहने**

**मानिसका लागि नियमहरू**:

- **डग पार्कमा आफ्नो समय बिताएर रमाउनुहोस् । सबैजनाप्रति सम्मान देखाउनुहोस् र असल छिमेकी बन्नुहोस् ।**
- **तपाईं आफ्नो कुकुर**(**हरू**) **प्रति जिम्मेवार हुनुहुन्छ ।**
- **यो क्षेत्र सफा राख्नमा मद्दत गर्नुहोस् आफ्नो कुकुरले फोहर गरिसकेपछि त्यसलाई आफैले उठाएर लानुहोस् ।  फोहोरलाई डिब्बामा राख्नुहोस् र फोहोर नगर्नुहोस् ।**

  __________________________________
- **सबै कुकुरहरू र** 12 **वर्षभन्दा कम उमेरका बालबालिका**, 18 **वर्ष वा सोभन्दा बढी उमेरको वयस्कसँग आउनुपर्छ ।**
- **प्रति मालिक तीन** (3) **कुकुरमा सीमित गर्नुहोस् ।**
- **आफ्नो कुकुरलाई कानुनअनुसार देखिने गरी प्राप्त गरिएको अनुमति राख्न र खोप लगाउँदा अझ राम्रो हुन्छ ।**
- **यो क्षेत्र कुकुरको व्यायामका लागि मात्र हो ।**
- **कृपया खाना र कुकुरका ट्रिटहरू घरमै छोड्नुहोस् ।**
- **कुकुरहरू आवाजको नियन्त्रण गर्नुपर्छ ।** __________________________________ **कृपया आफूसँग हरेक समय डोरी वा सिक्री राख्नुहोस् ।**
- **निर्दिष्ट गरिएको क्षेत्र नभएसम्म**, **कृपया कुकुरलाई खन्ने अनुमति नदिनुहोस् ।** __________________________________ **उनीहरूले बनाएका प्वालहरू पुर्नुहोस्।**
- **सानो कुकुर बस्ने क्षेत्रमा ठूला कुकुरहरू राख्नुहुँदैन ।**
- **हिटमा कुनै पनि दुष्ट**/**आक्रामक वा पोथी कुकुरहरू ल्याउने अनुमति दिइएको छैन ।**
- **पार्कमा कुनै पनि गिलास वा धुम्रपान सेवन गर्नुहुँदैन ।**
- **सबै कुकुरका टोकाइलाई  तत्काल** Burlington **प्रहरी विभागमा रिपोर्ट गरिनुपर्छ**: (802) 658-2704. **आपतकालीन कल** 911**।**

**कुकुरका लागि नियमहरू**:

- **कृपया भुकाइलाई सीमित गर्नुहोस् ।  खन्न मनाही छ । राम्रो खेल्नुहोस् । उफ** !

## स्केटपार्क

**बिहानदेखि साँझसम्म  खुला रहने**

**नियमहरू**:

- स्केटबोर्डिंङ, बाइकिङ र इन-लाइन स्केटिङ्को परिणाम गम्भीर चोटपटक हुन सक्छ: हड्डिहरू भाँचिने, पक्षाघात, मस्तिष्क खराब र मृत्यु पनि हुन सक्छ। आफ्नै जोखिममा स्केट गर्नुहोस्।
- सतह सुरक्षित गर्न मद्दत गर्नुहोस्; स्कुटर र BMX मा बार इन्ड हुनुपर्छ र बाइकहरूलाई प्लास्टिक पेगहरू आवश्यक हुन्छ वा कुनै पनि नहुन सक्छन्।
  हेल्मेट, घुँडाका प्याड, कुहिनोको प्याड र नाडीको गार्ड पूर्ण रूपमा सिफारिस गरिन्छ।
- आफ्नो क्षमताहरू बमोजिमले स्केट गर्नुहोस्।
- आमाबुवा र अभिभावकहरू बालबालिकाको सुरक्षाका लागि र आफ्नो बालबालिहरूले पार्कको नियमहरू पालन गरेको सुनिश्चित गर्नका लागि उत्तरदायी हुनुहुन्छ।
- कुनै पनि मोटर चालित सवारी साधन ल्याउन पाइँदैन।
- स्केटपार्क सफा राख्न मद्दत गर्नुहोस्! फोहर फाल्ने भाँडाहरू प्रयोग गर्नुहोस् र फोहोर नगर्नुहोस्।
- तपाईंको साथी स्केटर र हेरिरहेको मानिसहरूलाई सम्मान देखाउनुहोस्। कुनै धम्काउने, घृणात्मक वा दुर्व्यवहारपूर्ण भाषा प्रयोग गर्नुहोस्।
- व्यक्तिगत र्‍याम्प, रेल वा अन्य उपकरण निषेधित छन्।
- स्केट पार्क भिजेको, आइसी वा हिउँले भरिएको भएमा वा माथिको तहमा अवशेष, फोहर वा अन्य अवरोधहरू भएमा, स्केट नगर्नुहोस्।
- मजा लिनुहोस्! सुरक्षित रहनुहोस्।

## हाम्रो पार्कमा ड्रोन उडाउँदै हुनुहुन्छ? यहाँ तपाईंलाई थाहा हुन आवश्यक कुरा छन्:

**यी नियमन FAA द्वारा अनिवार्य गरिएका छन्। हामी ड्रोनहरू उडाउनको लागि अनुमतिहरू जारी गर्दैनौं।**

1. आफ्नो ड्रोन दर्ता गर्नुहोस्, य यसको बाहिर दर्ता नम्बर चिन्ह अङ्कित गर्नुहोस् (PDF) र दर्ताको प्रमाण आफूसँग बोक्नुहोस्।
2. मनोरञ्जनात्मक उद्देश्यहरूका लागि मात्र उडाउनुहोस्।
3. समुदायमा आधारित संस्थाको सुरक्षा निर्देशनहरू पालना गर्नुहोस्।
4. अनियन्त्रित वा "Class G" ("वर्ग G) हवाई क्षेत्रमा हुँदा 400 फिट वा सोभन्दा कममा आफ्नो ड्रोन उडाउनुहोस्। यो FAA ले मानव रहित हवाइ ट्राफिकलाई नियन्त्रण नगर्ने हवाई क्षेत्र हो। तपाईं कस्तो खालको हवाईमा हुनुहुन्छ भनी निर्धारण गर्न, तपाईंको ड्रोन

**सञ्चालन गर्ने (यदि सु-सज्जित छ भने) मोबाइल एप्लिकेसन हेर्नुहोस् र/वा अन्य ड्रोनसँग सम्बन्धित मोबाइल एप्लिकेसनहरू प्रयोग गर्नुहोस् । तपाईंको स्थान र तपाईं कस्तो खालको हवाई क्षेत्रमा हुनुहुन्छ भन्ने कुरा थाहा पाउनाले तपाईंलाई अन्य विमानलाई हस्तक्षेप गर्नबाट पनि बच्न मद्दत हुने छ ।**

5. **निम्न लिखित कुरा नभएसम्म नियन्त्रित हवाई क्षेत्रमा नउडाउनुहोस् (धेरै विमानस्थलको वरिपरि र माथि):**
    1. **तपाईंले उडाउनुअघि** LAANC (Low Altitude Authorization and Notification Capability (**कम उचाइ प्राधिकरण र अधिसूचना क्षमता**) **मार्फत नियन्त्रित हवाई क्षेत्रमा सञ्चालनका लागि हवाई क्षेत्रको प्राधिकरण प्राप्त गर्नुहुन्छ । मनोरञ्जनात्मक उडानहरूका लागि स्वीकृति** LAANC UAS **सेवाका आपूर्तिकर्ताहरूका बारेमा थप जान्नुहोस् ।**
    2. **तपाईं** FAA **सँग लिखित सम्झौता भएको निश्चित क्षेत्रमा मनोरञ्जनात्मक उडानमा उडाउँदै हुनुहुन्छ ।** FAA **ले स्वीकृत साइटहरूको सूची पोस्ट गरेको छ**(MS Excel) **र तिनीहरूलाई नक्साका निला डटहरूको रूपमा चित्रण गरिएको छ । प्रत्येक निश्चित क्षेत्र यो नक्सामा देखाइएको उचाइमा सीमित छ, जुन स्थान अनुसार भिन्न-भिन्न हुन्छन् ।**

**नोट: यदि तपाईंको संस्था निश्चित उडान क्षेत्रका लागि सम्झौता पत्र स्थापना गर्न इच्छुक भएमा, कृपया हामीलाई** 9-AJT-UAS-Integration@faa.gov **मा सम्पर्क गर्नुहोस् ।**

***नोट:*** *Starr Farm Park* ***बाहेक सबै*** *BPRW Parks* ***नियन्त्रित हवाइ क्षेत्रमा छन् ।***

6. **तपाईंको ड्रोनलाई तपाईंको नजरमा वा दृश्य पर्यवेक्षकको दृश्य रेखामा राख्नुहोस् जो सह-अवस्थित रहेको र तपाईंसँग प्रत्यक्ष सञ्चारमा छन् ।**
7. **उडान निषेधित हवाई क्षेत्रमा नउडाउनुहोस् । हवाई क्षेत्रका प्रतिबन्धहरू हाम्रो अन्तरक्रियात्मक नक्सामा फेला पार्न सकिन्छ र अस्थायी उडानका प्रतिबन्धहरू यहाँ फेला पार्न सकिन्छ । तिनीहरूले सबै हवाई क्षेत्रका प्रतिबन्धहरू पालना गरेका छन् भनी सुनिश्चित गर्नका लागि ड्रोन सञ्चालकहरू जिम्मेवार हुन्छन् ।**
8. **अन्य विमान, विशेषगरी विमानस्थलहरूको नजिकै कहिल्यै पनि नउडाउनुहोस्।**
9. **मानिसहरूको समूह, सार्वजनिक कार्यक्रम वा मानिसले भरिएको मैदानको माथिबाट कहिल्यै पनि न उडाउनुहोस् ।**

10. **दुर्घटना प्रतिक्रिया**, **कानुन प्रवर्तन क्रियाकलाप**, **आगो निभाउने वा आँधी**-**बेहरी रिकभरीका प्रयासहरू जस्ता कुनै पनि प्रकारका आपतकालीन अवस्थाहरूको नजिकै कहिल्यै पनि नउडाउनुहो्स् ।**
11. **लागूपदार्थ वा मदिरा सेवनको प्रभावमा रहेर कहिल्यै पनि नउडाउनुहो्स् ।**

**तिनीहरूले जानीबुझी यीमध्ये कुनै पनि सुरक्षा आवश्यकताहरूको उल्लङ्घन गर्छन् र**/**वा लापरवाही र असावधानीपूर्ण ढङ्गले काम गर्छन् भने तिनीहरू आपराधिक र**/**वा नागरिक दण्डको लागि उत्तरदायी हुन सक्छन् भन्ने कुरा मनोरञ्जनात्मक उडान गर्नेहरूलाई थाहा हुनुपर्छ ।**

# पार्क र सुविधास्थलहरूमा भाडामा लिने ठाउँहरू

## Park Permits (पार्कका अनुमतिहरू)

**मलाई किन** General Park Permit (**पार्कका सामान्य अनुमति**) **आवश्यक हुन्छ**?

**तपाईं** Burlington **का धेरै पार्कहरूमध्ये जनताका लागि खुला नभएको एउटा पार्कमा** 20 **देखि** 99 **मानिसहरू भेला हुन खोज्दै हुनुहुन्छ भने**, **तपाईंलाई अनुमतिको आवश्यक पर्ने छ** ! General park permits (**पार्कका सामान्य अनुमतिहरू**) **ले प्रयोगकर्तालाई स्थलको विशेष प्रयोग गर्न दिँदैन र विस्तारित ध्वनि वा कुनै पनि प्रकारका बिक्रेताहरूलाई अनमति दिँदैन । तपाईं स्थल**, **विस्तारित ध्वनि र**/**वा बिक्रेताहरू विशष प्रयोग गर्ने कुराहरूमा रुचि राख्नुहुन्छ वा तपाईंको जमघट** 99 **जना मानिसहरूभन्दा बढीको हुने भएमा**, **तपाईंले** Special Use Permits (**विशेष प्रयोग अनुमतिहरू**) **आवश्यक पर्ने कार्यक्रमहरूको बुकिङ गर्ने बारेमा थप जानकारीका लागि तल हेर्नुहोस्।**

**तपाईं अनुमति अनुरोध गर्न चाहनुहुन्छ वा कुनै प्रश्नहरू छन् भने**, **कृपया** (802) 865-7247 **मा फोन गर्नुहोस् ।**

**कृपया निम्न कुरामा ध्यान दिनुहोस्: तपाईं हाम्रो सुविधास्थल वा क्षेत्रहरूमध्ये एउटामा गोप्य जमघटका लागि रिजर्भ गर्दै हुनुहुन्छ भने**, **तपाईंलाई छुट्टै सामान्य पार्कको अनुमतिको आवश्यक पर्दैन।**

**मलाई किन** Special Use Permit **(विशेष प्रयोगको अनुमति) आवश्यक हुन्छ** ?

- **तपाईं जनताका लागि खुला हुने पार्कमा जमघट हुन खोज्दै हुनुहुन्छ भने।**
- **निजी जमघटमा उपस्थित व्यक्तिहरूको सङ्ख्या** 99 **जनाभन्दा बढी भएमा।**
- **तपाईंले निश्चित समय र मितिका लागि पार्क क्षेत्र वा सुविधास्थलको विशेष प्रयोग रिजर्भ गर्न आवश्यक छ भने** (**उदाहरणका लागि** Battery **वा** City Hall Park **का कार्यक्रम**)
- **विस्तारित ध्वनि र/वा बिक्रेताहरूको अनुरोध गर्दै हुनुहुन्छ भने।**
- **यदि रिजर्भेसन चलिरहेको आधारका लागि निर्धारित छ भने।**
- **पार्क क्षेत्र वा सुविधास्थलहरूको प्रयोग व्यावसायिक वा कोष वृद्धि गर्ने उद्देश्यहरूका लागि हो भने।**
- **कार्यक्रममा सहभागी हुन वा हेर्नका लागि शुल्क लाग्छ भने।**
- **कुनै प्रकारको सिफारिस कार्यक्रम वा प्रदर्शनमा देखा परेमा।**

**सबै** Special Use Permit (**विशेष प्रयोग अनुमति**) **अनुरोधहरूलाई अनुरोध गरिएको मितिभन्दा कम्तीमा एक महिनाअघि** Parks, Recreation and Waterfront Commission (**पार्क**, **रिक्रिएशन र वाटरफ्रन्ट आयोग**) **को स्वीकृति आवश्यक पर्छ। उहाँहरू हरेक महिना** (**जुलाई बाहेक**) **को दोस्रो मङ्गलवार भेट्नुहुन्छ र यो कार्यक्रम आयोजकहरूलाई बैठकमा उपस्थित हुन आवश्यक नभएता पनि**, **यसलाई अत्याधिक प्रोत्साहित गरिन्छ। तपाईंको अनुरोधलाई आयोगमा ल्याउनका लागि**, **तपाईंले विभागसँग काम गर्नुपर्छ। कुनै पनि प्रश्न भएमा वा प्रक्रिया सुरु गर्न** (802) 865-7247 **मा कल गर्नुहोस्।**

Special Use Permit (**विशेष प्रयोग अनुमतिहरू**) **स्थानीय अध्यादेशको संहिताको परिशिष्ट** D **अनुसार जारी गरिन्छ। तपाईं यहाँ** "**परिशिष्ट** D" **अन्तर्गत पूरा कोड हेर्न सक्नुहुन्छः**

http://www.codepublishing.com/VT/Burlington/

## पार्कहरूमा हुने कार्यक्रमहरू

**तपाईं** Burlington **पार्कमा बाहिरी कक्षाहरू र/वा कार्यक्रमहरू आयोजना गर्न खोज्दै हुनुहुन्छ भने**, **कृपया यो आवेदन भर्नुहोस्** **र** modaniel@burlingtonvt.gov मा इ-मेल गर्नुहोस्**।** 19 **वा सोभन्दा कम कक्षाहरूमा कुनै अतिरिक्त लागत वा समय तालिका छैन।** 20 **वा सोभन्दा बढी कक्षाहरूले**

**आकारमा आधारित हाम्रो** "General Park Permit (**सामान्य पार्क अनुमति**)" **शुल्क मार्गदर्शनहरूको पालना गर्नै छन् र विभागसँग अनुसूचित हुन आवश्यक हुन्छ ।**

**कृपया कुनै पनि प्रश्न छन् भने**, (802) 865-7247 **मा फोन गर्नुहोस्** !

## Picnic Shelters (वनभोज आश्रयस्थान) र पाल भाडा

**सुन्दर** Lake Champlain **को किनारमा बसोबास गरेको ओक्लेज** (2) **मा** 3 **भाडामा मिल्ने आश्रयस्थान र** North Beach (1) **र** Leddy Park **मा** 1 **भाडामा मिल्ने पाल राखिएको छ । तिनीहरू जन्मदिनको पार्टी**, **कम्पनीको वनभोज र परिवार/साथीको पुनर्मिलन जस्ता साना जमघटहरू आयोजना गर्नका लागि योग्य छन् । आश्रयस्थान र पाल आधा दिन वा पूरा दिनका लागि भाडामा लिन सकिन्छ र मध्य मे देखि मध्य सेप्टेम्बरसम्म भाडामा उपलब्ध छन् ।**

**उपलब्धता जाँच्नुहोस् र आफ्नो आश्रयस्थान वा पाल भाडाको अनुरोध** [**अनलाइन**] **मार्फत यहाँ गर्नुहोस् । वा तपाईं यीमध्ये कुनै पनि स्थान रिजर्भ गर्नका लागि हामीलाई** (802) 865-7247 **मा फोन गर्न सक्नुहुन्छ । कार्यालय समय सीमित हुन सक्छ भन्ने कुरा ध्यानमा राख्नुहोस् । हामी सक्दो छिटो तपाईंको फोन वा इमेलको जवाफ दिने छौं ।**

**सुविधाहरू**

- **वनभोज तालिकाहरू**
- **शौचालयहरू**
- **ग्रिल**
- 9 **माइलको बाइक पाथमा प्रत्यक्ष पहुँच**
- **वाटरफ्रन्ट दृश्यहरू**
- **सार्वजनिक समुद्रको किनारमा पहुँच**

**नियम तथा नियमनहरू**

- **आश्रयस्थान/पाल भाडामा लिनका लागि न्यूनतम उमेर** 18 **वर्ष हुनुपर्छ ।**
- **रिजर्भेसन सुरक्षित गर्नका लागि अनिवार्य रूपमा क्रेडिट कार्ड प्रयोग गरिनुपर्छ** (Visa, MC, AmEx, Discover) **।**
- **घरपालुवा जनावरलाई निम्न अवस्थाहरूमा, स्वागत गरिन्छ**: a) **तिनीहरूलाई बाँधिएको हुनुपर्छ** b) **तिनीहरूलाई ध्यानमा नराखी छोड्नुहुँदैन** c) **मालिकहरूले हरेक क्षेत्रमा**

**आफ्ना घरपालुवा जनावरलाई सफा राख्नुपर्छ** d) **घरपालुवा जनावरलाई समुद्रि तटमा आउने अनुमति दिंइदैन।**

- **कोइला उपलब्ध गराइएको छैन**; **ग्याँस ग्रिलहरू साइट**(**हरू**) **मा ल्याउन सकिन्छ।**
- **मदिरा ल्याउन अनुमति दिइएको छ तर केज वा ग्यास बोतलहरूलाई अनुमति दिइएको छैन।**
- **ताता कोइलाहरूलाई उचित रूपमा व्यवस्थित गरिन्छ।**

**आश्रय रिजर्भेसनहरूलाई** Burlington **सहरका** [Code of Ordinances (**अध्यादेश संहिता**)], of the City of Burlington, Rules and Regulations of the Burlington Parks, Recreation, and Waterfront Department (Burlington **पार्क**, **मनोरञ्जन र वाटरफ्रन्ट विभागका नियम तथा नियमनहरू मा परिभाषित गरिन्छ**)।

## Battery Park मा हुने घटनाहरू

**कला प्रदर्शन**, **कन्सर्ट**, **भाषण**, **प्रदर्शन**, **नागरिक समारोह र प्रदर्शनीका लागि** Battery Park Band Shell **प्राथमिक रूपमा सुरक्षित गरिन्छ र मेदेखि अक्टोबरको मध्यसम्म भाडामा उपलब्ध छ।**

**सुविधाहरू**

- **विद्युत**
- **शौचालय**
- **वाटरफ्रन्ट दृश्यहरू**

**नियम तथा नियमनहरू**

- **पार्क रिजर्भ गर्न** 18 **वर्ष वा सोभन्दा बढी उमेरको हुनुपर्छ।**
- Battery Park **मा हुने कुनै पनि प्रकारको कार्यक्रम आयोजन गर्न विशेष प्रयोग पार्क अनुमतिको स्वीकृति आवश्यक पर्छ। कृपया थप जानकारीका लागि यो पृष्ठको Park Permits (पार्कका अनुमतिहरू) खण्ड हेर्नुहोस्।**
- **पार्कको विस्तारित ध्वनि** 75 **डेसिबलभन्दा बढी हुनुहुँदैन र बिहान** 9 **बजेदेखि साँझ** 9 **बजेको बीचमा हुनुपर्छ। प्रत्येक दिन अधिकतम** 3 **घण्टाको अनुमति दिइन्छ। सबै अनुरोधहरू पार्क**, **मनोरञ्जन र वाटरफ्रन्ट आयोगद्वारा स्वीकृत गरिनुपर्छ।**
- **कुकुरहरूलाई हरेक समय डोरीले बाँधेर राख्नुपर्छ।**

- हरेक क्रियाकलापमा बिमाको प्रमाणपत्र आवश्यक पर्छ।
- 50 वा सोभन्दा बढी सहभागीहरूसँगको कार्यक्रम वा भेटघाटका लागि पोर्ट-ए-लेट भाडाहरू आवश्यक पर्छ।
- पार्कमा कुनै कार वा सवारी साधनलाई अनुमति दिइएको छैन।

तपाईंसँग Battery Park रिजर्भ गर्ने सम्बन्धमा प्रश्नहरू भएमा, कृपया (802) 865-7247 मा कल गर्नुहोस्।

## City Hall Park का कार्यक्रमहरू

धेरै वर्षको निर्माणपछि, City Hall Park अपडेट भएको छ र समुदायद्वारा फेरि प्रयोग गर्नका लागि तयार छ! स्तरवृद्धि गरिएका विभिन्न सुविधाहरूमा, यो स्थान सानादेखि मध्यम आकारका, दुवै सार्वजनिक र नीजि कार्यक्रमहरूका लागि उपयुक्त छ।

### सुविधाहरू

- सर्वसाधारणलाई एउटा घर बाहिरको बाथरूम उपलब्ध छ
- सर्वसाधारणलाई मौसम अनुसार पहुँचयोग्य स्प्ल्याश प्याड उपलब्ध छ
- सर्वसाधारणलाई मौसम अनुसार घरबाहिरका टेबल र कुर्सीहरू उपलब्ध छन्
- बिजुली र इन्टरनेट (अतिरिक्त शुल्कहरू लागू हुन्छन्)
- स्टान्शन/बाइक  र्याक ब्यारिकेडहरू (अतिरिक्त शुल्कहरू लागू हुन्छन्)
- अडियो प्याकेजहरू (अतिरिक्त शुल्कहरू लागू हुन्छन्)
- भिडियो प्रोजेक्शन प्याकेजहरू (अतिरिक्त शुल्कहरू लागू हुन्छन्)

### नियम तथा नियमनहरू

- पार्क रिजर्भ गर्न 18 वर्ष वा सोभन्दा बढी उमेरको हुनुपर्छ।
- पार्कको विस्तारित ध्वनि 75 डेसिबलभन्दा बढी हुनुहुँदैन र बिहान 9 बजेदेखि साँझ 9 बजेको बीचमा हुनुपर्छ। प्रत्येक दिन अधिकतम 3 घण्टाको अनुमति दिइन्छ। सबै अनुरोधहरू पार्क, मनोरञ्जन र वाटरफ्रन्ट आयोगद्वारा स्वीकृत गरिनुपर्छ।
- हरेक क्रियाकलापमा बिमाको प्रमाणपत्र आवश्यक पर्छ।
- कार्यक्रमहरूका लागि पोर्टलेट भाडाहरू आवश्यक पर्छ।
- कुकुरहरूलाई हरेक समय डोरीले बाधेर राख्नुपर्छ।

City Hall Park **भाडामा दिनेबारे प्रश्नहरू वा थप जानकारीका लागि कृपया** aclawson@burlingtoncityarts.org **मा इ-मेल गर्नुहोस् ।**

## Waterfront Park का कार्यक्रमहरू

Waterfront Park **एउटा ठूलो क्षेत्रीय पार्क हो जुन डाउनटाउनको पश्चिममा** Lake Champlain **शोरलाइनको छेउमा अवस्थित छ । यो पार्क वसन्त**, **ग्रीष्म र शरद ऋतुमा धेरै ठूला कार्यक्रमहरूको घर हो**, Burlington Bike Path (बर्लिङ्गटन बाइक पाथ) **यसको पूर्वी सीमानामा चलिरहेको छ । सार्वजनिक वा निजी कार्यक्रमका लागि** Waterfront Park **भाडामा लिने दरहरू र प्रक्रियाबारे थप जानकारीका लागि**, **कृपया** rbailey@burlingtonvt.gov **मा इ-मेल गर्नुहोस् ।**

## हिड्ने र दौडने कार्यक्रमहरू

2022 **को हिड्ने/दौडने कार्यक्रमका आवेदनहरू अब स्वीकार गरिँदै छन् । कृपया आफ्नो आवेदन** (**तल लिङ्क गरिएको**) **वा प्रश्नहरू** modaniel@burlingtonvt.gov **मा इ-मेल गर्नुहोस् । आवेदनहरू प्राप्त भएको क्रम अनुसार प्रक्रिया गरिने छ । कृपया तपाईंको आवेदन समीक्षा हुनुअघि** $50 **आवेदन शुल्क पेश गर्नुपर्छ भन्ने कुरा ध्यानमा राख्नुहोस् । प्रश्नहरूका लागि**, **कृपया** (802) 865-7247 **मा फोन गर्नुहोस् ।**

**जानकारी र आवेदन डाउनलोड गर्न यहाँ क्लिक गर्नुहोस्**

## Burlington Greenway

8 **माईल** Burlington Greenway (Bike Path, **बाइक पथ**) Lake Champlain **को किनारमा अवस्थित छ र** 14 **माईल** Island Line Trail **को अंश हो जसले** Burlington **लाई** Colchester Causeway **र** Allen Point Access Area **क्षेत्रलाई जोड्छ ।**

**ग्रीनवे** Queen City Parkway **को दक्षिणी छेउमा सुरू भई** Winooski River **ओभरपासको उत्तरमा** Colchester **सम्म फैलिन्छ ।  यो मोटर नभएका सवारी साधनका यात्राका लागि मात्र हो र मनोरञ्जनको स्रोत हुनुको साथै यो यातायातका लागि पनि प्रयोग गरिन्छ किनकि दैनिक सयौं यात्रुहरूले बाटोमा पहुँच प्राप्त गर्छन् । ग्रीनवे धेरैभन्दा धेरै पार्क**, **सञ्चार क्षेत्र र सार्वजनिक समुद्र तटसँग पनि जोडिन्छ र जडान पोइन्ट डाउनटाउन र** Burlington **हार्वरसम्मको बोट वा फेरीद्वारा गरिने एक लोकप्रिय प्रयर्टन आकर्षण ठाउँ हो ।**

**दरहरू**

Burlington Bike Path (**बर्लिङ्गटन बाइक पाथ**) **विभागद्वारा स्वीकृत गरिएका विशेष कार्यक्रमहरूमा मात्र प्रयोग गर्न सकिन्छ ।**

## सुविधाहरू

Burlington Greenway Oakledge Park, **लेकसाइड पार्क**, **राउन्डहाउस पार्क**, **पर्किन्स पियर**, Waterfront Park, Waterfront Access North, Urban Reserve, North Beach, Arms Park, Leddy Park **र** Starr Farm Park **हुँदै जान्छ । यी पार्क क्षेत्रभित्र धेरै सुविधाहरू उपलब्ध छन् ।**

**मौसमी रूपमा**, Oakledge, Waterfront Park, North Beach **र** Leddy Park **मा शौचालय सुविधाहरू छन् ।**

## नियम तथा नियमनहरू

- **ग्रीनवे रिजर्भ गर्न** 18 **वा सोभन्दा बढी उमेरको हुनुपर्छ ।**
- **ग्रीनवेमा कुनै कार वा सवारीहरूलाई अनुमति छैन ।**
- **घरपालुवा जनावरहरूलाई डोरीले बाध्न आवश्यक हुन्छ । दुईवटा डग पार्कहरू** Urban Reserve **र** Starr Farm Park **भित्रको पार्कमा अवस्थित छन् ।**
- **सार्वजनिक समुद्री तटहरूमा कुनै पनि घरपालुवा जनावरहरूलाई अनुमति दिइदैन ।**
- **कृपया ट्राफिक तथा सडकका सबै क्रसिङहरूको पालना गर्नुहोस् ।**
- **अनुमतिविना कुनै पनि प्राथर्ना गर्ने अनुमति दिइएको छैन ।**

**ग्रीनवेका नियम तथा नियमनहरू** Code of Ordinances of the City of Burlington, Rules and Regulations of the Burlington Parks, Recreation, and Waterfront Department (Burlington **पार्क**, **मनोरञ्जन र वाटरफ्रन्ट विभागका नियम तथा नियमनहरू मा परिभाषित गरिन्छ**) **।**

http://www.burlingtonvt.gov/Attorney/Municipal-Code **।**

**ग्रीनवेलाई सुरक्षित राख्नेबारे प्रश्नहरूका साथ हामीलाई इमेल गर्नुहोस् ।**

# पार्कहरूमा हुने विवाहहरू

**के हाम्रो सुन्दर पार्कहरूमध्ये कुनै एउटामा विवाह गर्न इच्छुक हुनुहुन्छ**? **यहाँ उपलब्ध विकल्पहरू तपाईंको आवश्यकताहरूको अनुरूप छ कि छैन भनी निर्धारण गर्नमा तपाईंलाई मद्दत गर्ने केही सामान्य जानकारी छः**

- **कुनै पूर्वाधार** (**जस्तै कुर्सी**, **टेन्टहरू**, **आदि**) **बिक्रेता वा विस्तारित ध्वनि नभएको** 100 **भन्दा कम उपस्थित व्यक्तिहरूको समारोह हाम्रो** General Park Permit (**सामान्य पार्क अनुमति**) **मूल्य निर्धारण संरचना अन्तर्गत पर्दछ। कृपया थप जानकारीका लागि माथि भएको** Park Permits (पार्कका अनुमतिहरू) **को खण्ड हेर्नुहोस् ।**
- **पूर्वाधार**, **बिक्रेता वा विस्तारित ध्वनि भएको समारोह र/वा कुनै पनि प्रकारको रिसेप्शन आयोजना गर्नका लागि बाहिरी सुविधास्थल** (**जस्तै पिकनिक आश्रय**) **भाडामा लिनुपर्छ । कृपया थप जानकारीका लागि माथि भएको** Picnic Shelters (पिकनिकको आश्रमस्थान) **खण्ड हेर्नुहोस् । तपाईंले आफ्नो विवाहका लागि** Waterfront Park **भाडामा लिएमा यो लागू हुँदैन ।**
- **विवाह/संलग्नताका फोटोसुटहरूका लागि फोटोग्राफी/भिडियोग्राफी अनुमति आवश्यक पर्दैन ।**

**विवाह समारोहका लागि सबैभन्दा लोकप्रिय स्थानहरूको सूची तल दिइएका छ**:

- Battery Park
- Ethan Allen Park:
  - The Pinnacle (**यो स्थानमा कुनै सवारी पहुँच छैन – सबै सहभागीहरू हिँड्नुपर्छ/बाइक चलाउनुपर्छ**)
- Oakledge Park:
  - Blanchard Beach
  - Oakledge Cove
  - Treehouse (**यस स्थानमा अनुमतिहरू दिइँदैन तर पहिला आउनुहोस्**, **पहिला सेवा पाउनुहोस् को आधारमा प्रयोग गर्न सकिन्छ र हरेक समय खुला र पहुँचयोग्य रहनुपर्छ**)
- Waterfront Park
- Louisa Howard Chapel

**स्वीकृति र बुकिङ प्रक्रियाको बारेमा वा उपलब्ध स्थान र मितिसम्बन्धी प्रश्नहरूबारे थप जानकारीका लागि**, **कृपया** (802) 865-7247 **मा फोन गर्नुहोस्** !

# खेलकूद क्षेत्रहरू

**भाडामा दिन योग्य खेलकूद क्षेत्रहरू निम्न पार्कहरूमा अवस्थित छन्**:

- calahan Park: **बहु-उद्देश्य भएका खेलकूद क्षेत्रहरू**, **बेसबल/सफ्टबल क्षेत्रहरू**
- Leddy Park: **बहु-उद्देश्य भएका खेलकूद क्षेत्रहरू**, **एडल्ट सफ्टबल र युथ सफ्टबल क्षेत्रहरू**
- Starr Farm Park: **बहु-उद्देश्य भएका खेलकूद क्षेत्रहरू**
- Roosevelt and Shiffilliti Park: **युथ बेसबल/सफ्टबल क्षेत्रहरू**

**रिजर्वेसनहरू**

**कृपया अनुरोध वा प्रश्नहरूका लागि** (802) 865-7247 **मा फोन गर्नुहोस् ।** Burlington **का विद्यालय र पार्कसँग सम्बन्धित क्रियाकलापहरूका लागि क्षेत्र रिजर्भेसनहरूलाई प्राथमिकता दिइन्छ ।**

**सुविधाहरू**

- **फोहोर/रिसाइकल गर्ने कन्टेनर**
- **शौचालयहरू**

**नियम तथा नियमनहरू**

- **खेलकूद क्षेत्र भाडामा लिने न्यूनतम उमेर** 18 **हो ।**
- **क्रेडिट कार्ड** # **निपेक्ष आवश्यक हुन सक्छ ।**
- **चिसो मौसममा खेलकूद क्षेत्रहरूको प्रयोग गर्न अनुमति दिइँदैन ।**
- **चित्रकारी रेखाहरू**, **लक्ष्यहरूमा चिन्ह लगाउने**, **ड्राइभिङ स्पाइकहरू आदिलाई अनुमति दिइने छैन ।**
- **स्वीकृति विना ध्वनि बढाउन  अनुमति दिइँदैन ।**
- **खेल कूद क्षेत्रहरू मनोरञ्जनात्मक प्रयोजनहरूका लागि मात्र प्रयोग गरिनुपर्छ ।**
- **नेचरमा आयोजना गरिएको** 20 **जनाभन्दा बढी सहभागीहरू भएको कुनै पनि म्याच वा खेललाई आधिकारिक क्षेत्रको भाडाको आवश्यकता पर्छ ।**

**खेलकूद क्षेत्र रिजर्भेसनहरू** Code of Ordinances of the City of Burlington, Rules and Regulations of the Burlington Parks, Recreation, and Waterfront Department

(Burlington **पार्क**, **मनोरञ्जन र वाटरफ्रन्ट विभागका नियम तथा नियमनहरू मा परिभाषित गरिन्छ**), http://www.burlingtonvt.gov/Attorney/Municipal-Code **मा परिभाषित गरिएको छ ।**

## मिलर समुदाय र मनोरञ्जन केन्द्र

Burlington **को न्यू नर्थ इन्डमा रहेको** Hunt Middle School **र** CP Smith Elemntary School **अर्को ढोकामा सुविधाजनक रूपमा अवस्थित मिलर सेन्टरले निम्न सहित विभिन्न क्रियाकलापहरूका लागि खाली ठाउँ उपलब्ध गराउँछ ।**

- **व्यायामशाला** – **सिन्थेटिक फ्लोरिङ्ग भएको** 7,000 **स्क्वायर फुट रेगुलेसन हाई स्कूल साइजको बास्केटबल कोर्ट**, 70 **जना बस्न मिल्ने मोबाइल ब्लीचर्स**, **इलेक्ट्रोनिक स्कोरबोर्ड**, **रिट्र्याक्टेबल बास्केटबल हुप्स**, **जिम डिभाइडर र शौचालय**, **शावर र लकरहरू भएका लकर कोठाहरू ।**
- **सामुदायिक कोठा** – 1,800 **वर्ग फुट बहुमुखी ठाउँ**, **ओभरहेड प्रोजेक्टर र स्क्रिन**, **वरपरको ध्वनि**, **टेबल र कुर्सीहरू**, 120 **सम्मका लागि सिट। तयारीका लागि सानो भान्छा र खाना पकाउने ठाउँहरू समावेश हुन्छ ।**
- **बच्चाहरूको कोठा** – **साना बैठकहरूका साथसाथै जन्मदिनको पार्टी र खेल्ने समूहरूका लागि उत्तम हुन्छ**, **यो कोठामा सिङ्क र काउण्टर स्थान**, **खेलौना**, **कब्बी र बच्चाको आकारको टेबुल र कुर्सीहरू छन् । हाम्रा** Fletche Free Library "**साना पुस्तकालय**" **पनि बच्चाको कोठामा राखिएको छ** – **तपाईं जाँदा पुस्तक लिन नहिच्किचाउनुहोस्**! 25 **जनासम्म बस्न मिल्ने सिट ।**
- **फिटनेस स्टुडियो** – **जिमको बाहिर अवस्थित रहेको** 1,100 **वर्ग फुट फिटनेस भएको कोठामा काठको भुइँ**, **भत्ते ऐना**, **संगीत प्रणाली र उत्कृष्ट प्राकृतिक प्रकाश छ**, **क्षमता गतिविधि अनुसार फरक हुन्छ ।**
- **आर्ट रूम** – **जिमको नजिकै पनि अवस्थित छ**, **यस कक्षाकोठामा** 30 **जना सम्मका लागि काउन्टर**, **सिङ्क**, **टेबुल र कुर्सीहरू उपलब्ध छन् ।**
- **सम्मेलन कक्ष** – **निःशुल्क रूपमा** 12 **जनासम्म बस्न मिल्ने बैठकहरूमा सर्वसाधारणलाई शान्त**, **सहज खाली ठाउँमा रहेको लबी प्रदान गरिन्छ।**

**रिजभर्सेनहरू दुई हप्ता रद्द गर्ने नीतिको अधीनमा छन् ।** 14 **दिनभन्दा कम सूचनाको साथ रद्द गरिएका रिजभर्सेनहरू अर्को प्रयोगकर्तालाई पुनः भाडामा नदिएसम्म पूर्ण मूल्यमा बिल गरिने छ । माइलर कर्मचारीद्वारा सहमत नहुँदासम्म**, **रिजभर्सेन निर्धारण गर्ने समयमा भाडा शुल्कका भुक्तानीहरू बाँकी हुन्छन् ।**

**Miller Recreation Center मा खाली ठाउँ रिजर्भ गर्न हामीलाई इमेल गर्नुहोस् ।**

## Leddy Ice Arena

**आइस रिङ्कहरू स्केटिङ कार्यक्रमहरूका लागि भाडामा दिन उपलब्ध छ । हामीसँग लाउन्ज पनि छ जसलाई ओलम्पिक-साइज एरेनाको प्रयोग समावेश हुने जन्मदिनको उत्सवहरूको कार्यक्रमहरूका लागि प्रयोग गर्न सकिन्छ ।**

**Leddy Ice Arena मा खाली ठाउँ रिजर्भ गर्न हामीलाई इमेल गर्नुहोस् ।**

## The CORE (Center of Recreation & Education - मनोरञ्जन र शिक्षा केन्द्रको सार) at the ONE Community Center (एक सामुदायिक केन्द्र)

Old North End **को** 20 Allen Street **मा अवस्थित**, BPRW **ले एउटा सामुदायिक केन्द्रको दोस्रो तला व्यवस्थापन गर्दै छ । हामीसँग भाडामा दिनका लागि विभिन्न कक्षाकोठा**, **सामुदायिक कोठा र जिमहरू उपलब्ध छन्। कृपया थप जानकारीका लागि** (802) 865-7088 **मा फोन गर्नुहोस् ।**

## Schmanska Barn

Burlington **को ईस्ट एन्डमा अवस्थित** Schmanska Park **भाडामा लिन मिल्ने खलिहान ठाउँ हो** ! **यो स्थान साना निजी पार्टीहरू**, **सामुदायिक बैठकहरू वा व्यापार जमघटहरूका लागि उपयुक्त छ ।** Schmanska Barn **स्प्रिङ**, **समर र फलको सुरुवातमा** 60 **जना मानिस र जाडोमा** 30 **जना मानिसको क्षमतामा**, **वर्षैपिच्छे भाडामा उपलब्ध छ । यस स्थानमा सबै भाडावालहरूले आफै खोल्न**, **सफा गर्न र बन्द गर्न आवश्यक पर्छ। खुला रहने निर्देशनहरू सहित बार्न खोल्नका लागि पहुँच तपाईंको भाडाको** 48 **घण्टाभित्र तपाईंलाई दिइने छ र तपाईंको उपयोगको अन्त्यमा भर्चुअल रुपमा भर्नका लागि "बन्द गर्ने प्रक्रिया" फारम तपाईंका लागि हुन्छ । बार्नलाई प्रत्येक भाडापछिको सरसफाई र क्षतिका लागि जाँच गरिने छ ।**

**भाडासम्बन्धी सोधपुछ वा प्रश्नहरूका लागि**, **कृपया**modaniel@burlingtonvt.gov **मा इ-मेल गर्नुहोस्**

**सुविधाहरू**

- **बाथरूम**
- **विद्युत**
- 10 **वटा टेबल** (**विभिन्न आकारको**)
- 30 **वटा फोल्डिङ कुर्सी**

- जाडोमा तातो बनाउने ठाउँ
- सरसफाईका आपूर्तिहरू
- प्रत्यक्ष रूपमा बार्नको अगाडिको घाँसे क्षेत्रको प्रयोग

## नियम तथा नियमनहरू

- बार्न भाडामा लिनका लागि 18 वर्ष वा सोभन्दा बढी उमेरको हुनुपर्छ।
- खोल्ने र बन्द गर्ने/सफा गर्ने प्रक्रियाहरू पालन गर्नुपर्छ।
- बुक गर्ने समयमा रिजर्भेसनका लागि अनिवार्य रूपमा भुक्तान गर्नैपर्छ।
- रिजर्भेसनको क्रममा भएको कुनै पनि क्षतिका लागि भाडावालहरू जिम्मेवार छन्।